NIC ASIA CAPITAL

idea to IPO
Connecting the dots...

# प्रेस विज्ञप्ति
## आश्विन २१, २०८३

## एन आई सी एशिया इक्वीटी अपोर्चुनिटी फण्ड फण्ड (NIC ASIA Equity Opportunity Fund) को इकाई बाँडफाँड सम्पन्न ।

एन आई सी एशिया क्यापिटल निष्काशन तथा बिक्री प्रबन्धक र योजना व्यवस्थापक रही संचालन गर्न लागिएको छैठौं बन्दमुखी योजना एन आई सी एशिया इक्वीटी अपोर्चुनिटी फण्ड (NIC ASIA Equity Opportunity Fund) को प्रति इकाई मूल्य रु.१०/– अंकित दरका ८,००,००,००० (आठ करोड) इकाई मध्ये बीज पूँजी बापतको १५ प्रतिशत अर्थात १,२०,००,००० (एक करोड बीस लाख) इकाई कोष प्रबर्द्धक एन आई सी एशिया बैंक लिमिटेडको लागि सुरक्षित गरी बाँकी रहेको ६,८०,००,००० (छ करोड असी लाख) इकाई सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका २०६९ को अधिनमा रही मिति २०८३/०६/०७ गतेदेखि छिटोमा मिति २०८३/०६/१३ र ढिलोमा मिति २०८३/०६/२१ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा पहिलो चार कार्य दिनमा नै माग गरे भन्दा बढी इकाई खरिदको लागि आवेदन प्राप्त भएको हुँदा उक्त योजनाको इकाई निष्काशन तथा बिक्री बन्द मिति २०८३/०६/१३ गते बैंकिङ्ग समय पश्चात् गरिएको थियो । उक्त निष्काशनको समयमा सि–आश्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट जम्मा ४१,१८९ जना आवेदकहरुबाट जम्मा ८,७४,४४,२०० इकाई खरिदका लागि अन्तिम दरखास्त प्राप्त भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । जुन माग गरिएको इकाई आवेदन भन्दा १.२९ गुणा बढी आवेदन हो ।

योजनाको इकाई खरिदको लागि प्राप्त अन्तिम आवेदनहरु रुजु गर्दा ४७ जना आवेदकहरुबाट प्राप्त ६,२०० इकाई खरिद आवेदन रितपुर्वक नदेखिएकोले रद्द गरे पश्चात बीज पूँजी सहित जम्मा ४१,१४३ आवेदकहरुबाट जम्मा रु.१,०२४,३७९,०००/- बराबरको इकाई खरिदको लागि आवेदन प्राप्त भएको थियो । नेपाल धितोपत्र बोर्डबाट योजनाको स्वीकृत विवरण पत्रमा योजनाको इकाईको सार्वजनिक निष्काशनको समयमा माग गरिएको इकाई भन्दा बढी आवेदन प्राप्त भएमा उक्त योजनाको आकार २५ प्रतिशतसम्म बृद्धि गरी बाँडफाँड गर्न सकिने व्यवस्था रहेको तथा इकाई खरिदको लागि सार्वजनिक निष्काशनको समयमा माग गरे भन्दा बढी आवेदन प्राप्त भएको हुँदा सामूहिक लगानी कोष निर्देशिका, २०६९ तथा स्वीकृत विवरण पत्रको अधिनमा रही एन आई सी एशिया इक्वीटी अपोर्चुनिटी फण्डको आकार रु.८० करोडबाट बृद्धि गरी रु.१ अर्ब कायम हुने गरी रितपुर्वक इकाई खरिद आवेदन गर्ने १०० इकाई देखि ३०,००,००० इकाईसम्म माग गर्ने आवेदकहरुलाई माग गरे बमोजिम र ४०,००,००० इकाई देखि ५०,००,००० इकाईसम्म माग गर्ने आवेदकहरुलाई जम्मा ३८,९०,५२५ इकाईका दरले बाँडफाँड गरी योजनाको आकार रु. १ अर्ब कायम हुने गरी मिति २०८३/०६/२१ गते बुधबार बिहानको ११:०० बजे निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय थापाथली, काठमाण्डौमा बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । इकाई बाँडफाँडको नतिजा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाईट www.nicasiacapital.com वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट संचालित वेभसाईट www.iporesult.cdsc.com.np/meroshare.cdsc.com.np बाट हेर्न सकिने छ ।

साथै यस निष्काशन कार्यमा सहयोग गर्नु हुने नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लि., सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, मिडियाकमी लगायत अन्य सम्बन्धित निकायहरु एवं शुभ चिन्तकहरु तथा इकाई खरीदको लागि आवेदन दिनुहुने सम्पूर्ण आवेदकज्यूहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

Ramendra

NIC ASIA CAPITAL

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत